लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय बर्दिया

गुलरिया, नेपाल

पत्र संख्याः २०८२/०८३
च.नं.: ५८८२

मितिः २०८३/०३/२२

**बिषयः सूचना वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री वन निर्देशनालय
बुटवल, रुपन्देही

प्रस्तुत बिषयमा गौरी महिला सामुदायिक वन, मधुवन नपा-३ को प.सं. २०८२/०८३, च.नं.२९ मिति २०८३/०३/२२ को पत्रसाथ संलग्न वनपैदावार बिक्री सम्बन्धी सूचना यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराई दिनुहुन सादर अनुरोध छ ।

सिनियर डिभिजनल वन अधिकृत

**बोधार्थः**

श्री गौरी महिला सामुदायिक वन, मधुवन नपा-३ : ताहाँबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाईटमा समेत अपलोड गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

# गौरी महिला सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ३, बर्दिया

वन को
डि १५४४
२०८३/३/२२

प.सं.: २०८२/०८३
च.नं.: २९

मितिः- २०८३/०३/२२

**विषयः- सूचना वेभसाईटमा अपलोड गरी जानकारी पठाईदिने सम्बन्धमा।**

श्री डिभिजन वन कार्यालय,
गुलरिया, बर्दिया।

प्रस्तुत विषयमा यस समूहबाट मिति २०८३/०३/२२ गते **मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा** पहिलो पटक प्रकाशित सिकाकाई फलको डाँक बढाबढद्धारा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना पाना थान १ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको वेभसाईटमा अपलोड गरी सो को जानकारी यस समूहमा पठाईदिनुहुन अनुरोध छ। साथै वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङ र वन निर्देशनालय, बुटवल, रुपन्देहीको वेभसाईटमा समेत अपलोड गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन सादर अनुरोध छ।

..............................
भदै थारु
अध्यक्ष

डिभिजन वन का... ...या
दर्ता नं. : ५८६
मिति :- ८३/३/२२

# गौरी महिला सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ३, बर्दिया

## सिकाकाई फल डाँक बढाबढ प्रक्रियाद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/२२ गते सोमबार**

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४३७३ मिति २०८३/०१/१५ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको सिकाकाई फल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी डाँक बढाबढ प्रक्रियाद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित ईच्छुक व्यक्ति वा फर्मले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित रु.१०।- को टिकट टाँसी मिति २०८३/०४/०१ गते शुक्रबारको दिनको १२:०० बजे सम्म दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| लट नं. | घाटगढी स्थान | क्र. सं. | जात | थान | परिमाण (के.जी.) | दर रु. | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| BA/13/06-a01-01-2083/03/20-S | समूहको घाटगढीमा | १ | सिकाकाई फल | १३९(बोरा) | ४८६५ | ४.० | १९४६०.० | संकलन खर्च रु २५।- प्रति के.जी. |

**शर्त तथा नियमहरुः**

१) निवेदन दर्ता गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०४/०१ गते शुक्रबार ख) समयः मध्यान्ह १२:०० बजे सम्म

२) डाँक बढाबढ हुने मिति र समय
क) अन्तिम मितिः २०८३/०४/०१ गते शुक्रबार ख) समयः मध्यान्ह १२:३० बजेदेखि

३) डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु गरिनेछ। कटानमुछान सहितको सङ्कलन वापतको रकम छुट्टै बुझाउनु पर्नेछ।

४) लिलाम सकार गर्न डाँक बोल्ने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्य रु. १९४६०.० को १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ। डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ।

५) लिलाम स्वीकृत गर्ने नगर्ने अधिकार यस समुहमा निहित रहनेछ।

६) लिलाम बढाबढ हुने गैरकाष्ठ वन पैदावार कार्यालय खुलेको समयमा कार्यालयमा आई हेर्न सकिनेछ।

७) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धी कर र सङ्कलन खर्च समेत बुझाई सक्नुपर्नेछ।

८) अन्य आवश्यक कुराहरु कार्यालयले मुनासिब तोके बमोजिम हुनेछ ।